# जनकपुरधाम उप-महानगरपालिका
# जनकप्ववधाम ऊँप–महानगवपानिका
## नगर कार्यपालिकाको कार्यालय
### जनकपुरधाम, धनुषा
### मधेश प्रदेश, नेपाल

दोश्रो पटक प्रकाशित मितिः- २०८३/३/२२

बिषयः- बोलपत्र आव्हानको १५ दिने सूचना ।

यस जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्रमा सामान्य दिनहरु बाहेक मासिक पूर्णिमा, रक्षाबन्धन, कृष्णाष्टमी,तिज,ईन्द्रपुजा, मकर संक्रान्ती,अन्तरगृह परिक्रमा, चैते दशैं,चैती छठ, बिवाह पञ्चमी, महाशिवरात्री, राम नवमी जानकी नवमी, दशैं, तिहार तथा छठ पर्व विभिन्न पुजा र अन्य व्यवसायिक मेलाहरुको लागी मात्र सम्पूर्ण नगरक्षेत्रमा आगामी आ.ब.०८३/०८४ असार मसान्त सम्म वर्ष १(एक)को लागी जनकपुरधाम उपमहानगरपालिकाको आर्थिक ऐन,२०८२ को दफा(९) को अनुसूची (८), जनकपुरधाम उप महानगरपालिका आय ठेक्का बन्दोबस्त नियमावली, २०८२ को परिच्छेद २ र ३ तथा स्थानिय राजश्व परामर्श समितिको मिति २०८३/०१/२९ को निर्णय बमोजिम ठेक्का बन्दोबस्ती लगाउने निर्णय भए अनुसार आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति,फर्म,संस्था वा कम्पनीले मात्र निम्न शर्त / बन्देजहरुको अधिनमा रहि बोलपत्र खरिद वा दाखिला गर्न यो १५ (पन्ध्र) दिने बोलपत्र आव्हान गरिएको छ ।

१. यस राम जानकी पेठीया बजार तथा माछा बजारको बहाल बिटौरी करको छुट्टै ठेक्का बन्दोबस्त भएकोमा उक्त क्षेत्रभित्र बहाल बिटौरी कर असुल उपर गर्न पाउने छैन ।

२. ठेक्का कबोल अंकको ५ प्रतिशत धरौटी बापत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, (भानुचोक शाखा) जनकपुरधामको धरौटी खाता नं १२२०१००३०३००००००७ मा जम्मा गरेको सक्कलै भौचर र नेपाली नागरिकताको छायाप्रति संलग्न राखि पेश गर्नुपर्ने छ साथै यस कार्यालयको राजश्व शाखामा नगदी रु.३०००.०० ( तिन हजार रुपैयाँ मात्र) को नगदी रसिद लिई मिति २०८३/४/४ गते सम्म बोलपत्र खरिद गर्न सकिनेछ ।

३. ठेक्का स्वीकृत भएपछि कबोल रकम चार (४) किस्तामा बुझाउनुपर्ने छ, जसमध्ये सम्झौता गर्नु अघि एक किस्ता नगदी तथा अन्य तिन किस्ता रकम बराबरको बैंक ग्यारेण्टी वा सोही बराबरको धनजमानी बुझाउनु पर्ने छ वा कबोल रकम एकमुष्ट अग्रिम बुझाएमा ५ प्रतिशत छुट समेत दिइनेछ ।

४. ठेकेदारले ठेका भोगचलन गर्दा यस कार्यालयको निर्देशन र करारनामामा उल्लेखित शर्त बमोजिम कार्य गर्नु गराउनु पर्ने छ ।प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने सबै किसिमका करहरु ठेकेदारले नै बुझाउनु पर्ने छ ।

५. बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार कार्यालयलाई रहने छ ।

६. केरमेट,सहिछाप नभएको, म्याद नाघि पर्न आएका बोलपत्रहरु स्वीकृत गरिने छैन ।

७. बोलपत्र फारममा भरेको रकम अक्षर र अंकमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

८. बोलपत्रदाता तथा यस कार्यलय बिच कुनै किसिमको मतभिन्नता भएमा कार्यालयको निर्णय अन्तिम हुनेछ ।

९. बोलपत्र फारम भर्दा व्यावसायिक फर्म/संस्था/कम्पनीको दर्ता प्रमाण पत्रको प्रतिलिपी,२०८१/०८२को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ व्यक्तिको हकमा स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी तथा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी आफूले नाम र ठेगाना समेत लेखि शिलबन्दी बोलपत्र मिति२०८३/४/०५ गते भित्र दिनको १२:००बजे सम्म यस कार्यालयमा दर्ता गराईसक्नु पर्ने छ ।

# जनकपुरधाम उप-महानगरपालिका
## जनकप्वधाम ऊँप–महानगवपानिका
## नगर कार्यपालिकाको कार्यालय
### जनकपुरधाम, धनुषा
**मधेश प्रदेश, नेपाल**

१०. बोलपत्र फारम मिति २०८३/४/०५ गते दिनको २:०० बजे सम्बन्धित प्रतिनिधिहरुको रोहबरमा खोलिने छ,उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोलिने कार्य रोकिने छैन ।

११. ठेक्का अवधि सम्झौता करार भएको मिति देखि मिति २०८४ असार मसान्त सम्म वर्ष १(एक)को लागी मात्र कायम रहने छ ।

१२. ठेक्काको न्यूनतम मूल्य अभिवृध्दि कर सहितको कबोल रकम रु.३७५७७८६.०० (रु. सैतिस लाख सन्ताउन्न हजार सात सय छयासी मात्र) कायम गरिएको छ ।

१३. बोलपत्र खरिद गर्ने अन्तिम दिन तथा दर्ता गराउने दिन सार्बजनिक बिदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा गरिनेछ ।

१४. यो ठेक्काको कार्यक्षेत्र भित्र रामजानकी पेठिया तथा माछा बजार समावेश हुने छैन ।

१५. मेला पूर्णिमा लगायतका चाडपर्वहरुमा मात्र बजार लगाई बहाल बिटौरी असुल गर्ने भएकोले उक्त समयमा ट्राफिक व्यवस्थापन अवरोध नहुनेगरी सडक पेटी एवं फुटपाथमा खुल्ने पसलहरु अन्य दिनबाहेक मेलापर्व तथा उत्सवहरुमा मात्र संचालनमा रहने हुँदा उक्त समयमा देश विदेशका विशिष्ट पदाधिकारीहरुको आवागमनको समयमा सुरक्षाको कारण अस्थायी रुपमा पसलहरु हटाइएको खण्डमा कुनै किसिमको क्षतिपूर्ति उपलब्ध गराइने छैन् ।

१६. यस सूचनामा उल्लेखित पर्व, त्योहार मेला पुर्णिमा बाहेक अन्य दिनहरुमा बजार लगाउन तथा बहाल, विटौरी कर असुल गर्न गराउन पुर्ण रुपमा निषेध गरिएकोछ ।

| क्र.सं. | मेला, पर्वको नाम | तोकिएको दिन |
|---|---|---|
| १. | पुर्णिमा | प्रति महिना १ दिन |
| २. | रक्षाबन्धन | ३ दिन |
| ३. | कृष्णाटष्मी | २ दिन |
| ४. | ईन्द्रपुजा | ३ दिन |
| ५. | दशैं | १० दिन |
| ६. | तिहार तथा छठ | ७ दिन |
| ७. | विवाह पञ्चमी | ३ दिन |
| ८. | मकर संक्राती | १ दिन |
| ९. | महाशिवरात्री | १ दिन |
| १०. | अन्तरगृह परिक्रमा | ३ दिन |
| ११. | चैते दशैं | २ दिन |
| १२. | चैती छठ | २ दिन |
| १३. | राम नवमी | २ दिन |
| १४. | जानकी नवमी | २ दिन |
| १५. | तिज | १ दिन |